आज मिति २०७६/०७/०३ गते आइतबारका दिन इच्छाकामना गाउँपालिका, गाउँ कार्यपलिका का अध्यक्ष श्री गिता कुमारी गुरुङ ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको एकसठ्ठी औं नियमित मासिक बैठक बसी तपशिल अनुसारको प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

उपस्थित:

| दस्तखत | क्र.सं. | पद | नाम |
|---|---|---|---|
| | १ | अध्यक्ष ( गाउँपालिका अध्यक्ष ) | श्री गिता कुमारी गुरुङ |
| | २ | सदस्य (गाउँपालका उपाध्यक्ष ) | श्री कृति कुमार श्रेष्ठ |
| | ३ | सदस्य ( वडा नं. ३ अध्यक्ष) | श्री गोबर्धन अधिकारी |
| | ४ | सदस्य (वडा नं.१ अध्यक्ष ) | श्री नन्द लाल गिरी |
| | ५ | सदस्य ( वडा नं.२ अध्यक्ष) | श्री पञ्च बहादुर चेपाङ |
| | ६ | सदस्य ( वडा नं.६ अध्यक्ष ) | श्री भुपेन्द्र चेपाङ |
| | ७ | सदस्य ( वडा नं.५ अध्यक्ष ) | श्री मोदराज सिलवाल |
| | ८ | सदस्य ( वडा नं.७ अध्यक्ष ) | श्री बम बहादुर थापा मगर |
| | ९ | सदस्य ( वडा नं.४ अध्यक्ष) | श्री होम बहादुर राना मगर |
| | १० | सदस्य ( कार्यपालिका सदस्य/प्रवक्ता ) | श्री साबित्रि गुरुङ |
| | ११ | सदस्य ( कार्यपालिका सदस्य ) | श्री निर्मला श्रेष्ठ |
| | १२ | सदस्य ( कार्यपालिका सदस्य) | श्री डम्मर कुमारी चेपाङ |
| | १३ | सदस्य ( कार्यपालिका सदस्य) | श्री मन कुमारी सुनार |
| | १४ | सदस्य ( कार्यपालिका सदस्य) | श्री भद्र बहादुर चेपाङ |
| | १५ | सदस्य ( कार्यपालिका सदस्य ) | श्री मान बहादुर चेपाङ |
| | १६ | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री सुकदेव लम्साल |

प्रस्ताव एवं निर्णयहरु

प्रस्तावहरु

१. तराइ मधेस समृद्धि कार्यक्रमहरुको बजेट कार्यान्वयन सम्वन्धमा ।

२.आन्तरिक लेखा परीक्षण सम्वन्धमा ।

३. समपुरक र विशेष अनुदानका लागि पठाउने योजना सम्वन्धमा ।

४.वातावरण तथा विक्रि वापतको ठेक्का स्वीकृत सम्वन्धमा ।

५. ठेक्काबाट कार्यान्वयन गर्ने योजना सम्वन्धमा ।

६ रानीखोला,भोटीखोला र भोटिखोला एवं मालेबगरको IEE सम्वन्धमा ।

७. गाउँ कार्यपालिका भवनको DPR प्रतिवेदन सम्वन्धमा ।

८.विविध ।

क. सर्वोच्चको निर्णय सम्वन्धमा छलफल ।

ख. सहकारीहरु सँगको भेला ।

ग. सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई सम्वन्धमा ।

घ. भिजिट इच्छाकामना २०२० ।

ङ. प्राविधिक कर्मचारीहरुको भत्ता र प्रशासनिक कर्मचारीहरुको प्रोत्साहन खर्च सम्वन्धमा ।

च. महादेव थानको शिवको मूर्तिको DPR सम्वन्धमा ।

छ. सवारी चालकहरुको नियुक्ति सम्वन्धमा ।

ज. मिलेज प्रोफाईलको रिपोटिङ. सम्वनधमा ।

झ. फोहरमैला व्यवस्थापनको ठेक्का आह्वान सम्वन्धमा ।

ञ. मोटर बोर्डको दर्ता र दर्ता शुल्क सम्वन्धमा ।

ट. सामुदायिक वनको नाफा रकम जम्मा गर्ने सम्वन्धमा

ठ. विपद व्यवस्थापन कार्यविधि संशोधन सम्वन्धमा ।

ड. संस्था दर्ता कार्यविधि २०७६ र व्यवसाय दर्ता कार्यविधि २०७६ पारित गर्ने सम्वन्धमा ।

ढ. इच्छाकामना अस्पताल भवन निर्माणस्थल

ण. वेसहार मुक्त इच्छाकामना ।

निर्णयहरु:

निर्णय नं. १

यस गाउँपालिकाबाट तराई मधेस समृद्धि कार्यक्रमका लागि बिगतमा माग गरिएका बिभिन्न योजनाहरु मध्ये चालु आ.व. का लागि परेको सामूहिक आवास भवन निमार्ण विपन्न परिवारका लागि रु. ५० लाख परेकाले उक्त योजना कार्यान्वयनमा सहजिकरणका लागि गाउँपालिका अध्यक्षको अध्यतामा निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक: गाउँपालिका अध्यक्ष

सदस्य : गाउँपालिका उपाध्यक्ष

सदस्य: सबै वडाका वडाध्यक्ष

सदस्य: इन्जिनियर प्रदिप कुमार त्रिपाठी

सदस्य सचिव: प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २

यस गाउँपालिकाको गत आ.व. २०७५।७६ को आन्तरिक लेखापरीक्षण गरिदिन कोष तथा लेखा नियन्त्रक कार्यालय चितवनलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

राष्ट्रिय योजना आयोगबाट माग भए बमोजिम समपुरक र विशेष अनुदानका लागि निम्न योजनाहरु पठाउने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | सिराइचुली भ्यु टावर निर्माण | १ | |
| २ | सौता बगर तटबन्ध | ४ | |
| ३ | बान्खोला पक्की पुल | ७ | |
| ४ | साङ दी खोला पुल | ७ | |
| ५ | बास गौरी मन्दिर घेराबार | कुरीनटार | |
| ६ | इच्छाकामना अस्पताल | ४ | |
| ७ | सोलार बत्ती | ३,४,५,७ | |
| ८ | ताल तलैया निर्माण | २ | |
| ९ | स्वास्थ्य केन्द्र भवन | ३ | |
| १० | पैरेनी देखी मोटरस्टाराहसम्म विधुत विस्तार | ६ | |
| ११ | मायाटार स्वास्थ्य चौकी | २ | |
| १२ | कृषण धारी शैल्दी खोला | ६ | |
| १३ | गर्दास पिकनिक स्पोर्ट | ७ | |
| १४ | इच्छाकामना पुस्तकालय | ४ | |

निर्णय नं. ४

यस गाउँपालिकाबाट वातावरण तथा स्थानीय उत्पादन एवं बिकि शुल्क को ठेक्का आह्वान गरिएकोमा शुभम निर्माण सेवा बन्दीपुर ४ तनहुँ ले १५लाख ६० हजार , आरना कन्स्ट्रक्सन प्रा.लि.आँबुखैरेनी ३ तनहुँले १७ लाख ९५ हजार र सिजल कन्स्ट्रक्सन आँबुखैरेनी ३, तनहुँले १६ लाखको प्रस्ताव पेश गरेकोमा श्री आरना कन्स्ट्रक्सन प्रा.लि.आँबुखैरेनी ३ तनहुँले सबैभन्दा बढी दर ( रु. १७ लाख ९५ हजार) पेश गरेकोले निजको ठेक्का स्वीकृत निर्णय गरियो ।

निर्णय नं. ५

यस गाउँ कार्यपालिकाका कार्यालयबाट मिति २०७६।०६।१६ गते भएको ठेक्काबाट सम्पादन गर्ने भनी तोकिएका योजनाहरु मध्ये वडा नं. १ को हात्तिबाङ छात्राबास भवन, वडा नं ७ को स्याङदीखोला तटबन्ध हाललाई उपभोक्ता समितिबाट निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस गाउँपालिकाको वडा नं.७ मा रहेको क.रानीखोला, मोटिखोला ख मोटीखोला र वडा नं. ६ को मालेबगरको ढुङगा गिटी बालुवा दहत्तर बहत्तर संकलन र बिकि गर्ने प्रयोजनका लागि IEE प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७

यस गाउँ कार्यपालिका भवनको DPR बनाउन श्री ANK इन्जिनियरिङ्ग कन्सल्टिङ्ग फर्मलाई जिम्मेवारी दिइएकोमा निजले पेश गरेको प्रतिवेदन संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

विविध

क. सर्वोच्च अदालतले हालै गरेको स्थानीय तहको पदाधिकारीहरुको पारिश्रमिक सम्बन्धमा गरेको निर्णय बारेमा गाउँ कार्यपालिकाको आजको बैठकमा छलफल गरियो ।

ख. यस गाउँपालिकाभित्र रहेका बिभिन्न सहकारी संस्थाका पदाधिकारीहरुलाई उपयुक्त मितिमा भेला बोलाई छलफल गर्ने निर्णय गरियो ।

ग. यस गाउँपालिकाको सार्वजनिक परीक्षणका लागि कन्सल्टिङ फर्महरुसँग प्रस्ताव माग गरी सबैभन्दा न्यून रकमको प्रस्ताव पेश गर्ने कम्पनीको प्रस्ताव स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो साथै गत आ.व.को सार्वजनिक सुनुवाई २३ गते शनिवार गर्ने निर्णय गरियो ।

यस इच्छाकामना गाउँपालिकाले ३ नं. प्रदेश भित्रका सबै स्थानीय तह लगायत उपयुक्त संघ संस्थालाई आमन्त्रण गरी भिजिट इच्छाकामना २०२० मनाउने निर्णय गरियो ।

ङ. यस गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता बापत प्रति महिना ई. प्रदिप कुमार त्रिपाठीलाई रु. १०,०००। (दश हजार) र सब ईन्जिनियर राजेन्द्र महतो एवं सब इन्जिनियर भरत गुरुङलाई रु. ९,०००।(नौ हजार) उपलब्ध गराउने निर्णय गरियो र उक्त रकम योजनाहरुको कन्टिजेन्सी बापत कट्टा गरिएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

च. यस गाउँपालिकाको वडा नं. ५ महादेव मन्दिर शिवमूर्ति निर्माणका लागि DPR निर्माण गर्न उक्त योजनाका लागि विनियोजन बजेट रु. ५० लाख मध्येबाट कट्टा हुनेगरी रु.५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

छ. सवारी चालकहरुको नियुक्ति नभएसम्म हाललाई डोर हाजिरबाट काम लगाउने निर्णय गरियो ।

ज. यस गाउँपालिकाको भिलेज प्रोफाईलको प्रतिवेदन हालसम्म पनि प्राप्त हुन नसकेकोले यथाशीघ्र माग गर्ने निर्णय गरियो ।

झ. यस गाउँपालिकाको फोहरमैला व्यवस्थापनको ठेक्का यथाशीघ्र आह्वान गर्ने निर्णय गरियो । फोहरमैलाको उत्कृष्ट व्यवस्थापनको लागि स्याङ्जा जिल्लास्थित वालिङ नपाको अवलोकन भ्रमणमा जाने निर्णय गरियो ।

ञ. यस गाउँपालिकाको वडा नं ६ कालिखोलाबाट तत्काल आरम्भ हुने लागेको मोटर बोर्डको सञ्चालनको लागि आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी दर्ता शुल्क रु.१०,०००(दश हजार) लिई संस्था दर्ताको नियमानुसार दर्ता गरिदिने र त्यसपछिको नियमित सञ्चालनका लागि दुवै पक्ष बसी छलफल गरी प्रति टिकट शुल्कका सम्बन्धमा आगामी गाउँसभाको निर्णय बमोजिम गर्ने निर्णय गरियो ।

ट. यस गाउँपालिका भित्र रहेका सबै सामुदायिक बनहरुलाई आम्दानीको १० प्रतिशत यस गाउँपालिकामा जम्मा गर्न परिपत्र गर्ने निर्णय गरियो ।

ठ. यस गाउँपालिकाको विपद व्यवस्थापन कार्यविधि संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

ड. यस गाउँपालिकाको संस्था दर्ता कार्यविधि २०७६ र व्यवसाय दर्ता कार्यविधि २०७६ प्रस्तावमा पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

ढ. यस गाउँपालिकामा निर्माण हुन लागेको २५ शैयाको इच्छाकामना अस्पताल भवन वडा नं. ४ को क्याम्पस एरियामा निर्माण गर्ने निर्णय गरियो ।

ण. यस इच्छाकामना गाउँपालिकाको क्षेत्रमा रहेको पृथ्वी राजमार्गको मोवाखोला देखी रिढी खोलासम्मको सडक क्षेत्रलाई वेसहार मुक्त क्षेत्रको रुपमा घोषणा गर्ने निर्णय गरियो ।